# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ४ पुष ०९, २०८१

## भाग-२

## आधारभूत अस्पताल संञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०९/०९**

**प्रमाणीकरण मितिः २०८१/०९/०९**

**प्रस्तावनाः** गुल्मीदरबार गाउँपालिका भित्र स्वास्थ्य सेवाबाट कुनैपनि नागरिक बञ्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले स्थानिय तहलाई प्रत्याभुत गरेको स्वास्थ्य सम्बन्धि अधिकारलाई कार्यन्वयन गर्न यस गाउँपालिकाबाट उपलब्ध हुने आधारभुत स्वास्थ्य सेवा लगायतको स्वास्थ्य सेवालाई सहज, प्रभावकारी, सर्वसुभल, व्यवस्थित र गुणस्तरिय बनाउनका लागि पन्ध्र शैया सम्मको आधारभुत अस्पताल संचालन गर्न बान्छानीय भएकोले गुल्मीदरबार गाउँपालिका स्थानिय स्वास्थ्य व्यवस्थापन ऐन २०७५ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी गुल्मीदरबार गाउँपालिका गाउँ कार्यापालिकाको मिति २०८१।०९।९ गतेको बैठकको निर्णय बमोजिम यो कार्यविधि बनाइएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम गुल्मीदरबार आधारभूत अस्पताल (पन्ध्र शैया) संञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुने छ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) "अस्पताल" भन्नाले गुल्मीदरबार गाउँपालिकाले सञ्चालन गरेको गुल्मीदरबार आधारभूत अस्पताल (पन्ध्र शैया) लाई सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले अस्पताल संचालन तथा ब्यवस्थापन समितिको अध्यक्षलाई सम्झनुपर्दछ।

(ग) "अस्पताल प्रमुख " भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरुमध्ये सबैभन्दा जेष्ठ कर्मचारी वा समितिले तोके बमोजिमको कर्मचारीलाई सम्झनुपर्छ ।

(घ) "कार्यविधि" भन्नाले गुल्मीदरबार गाउँपालिकाले जारी गरेको गुल्मीदरबार आधारभूत अस्पताल (पन्ध्र शैया) संञ्चालन तथा व्यवस्थापन कार्यविधिलाई सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले यस गुल्मीदरबार आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

## परिच्छेद – २

## अस्पताल संचालन तथा व्यवस्थापन समितिको गठन तथा सञ्चालन

**३. समितिको गठनः**

(१) अस्पतालको संञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।

| | |
|---|---|
| (क) उपाध्यक्ष | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) सामाजिक विकास समिति संयोजक | सदस्य |
| (घ) सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ङ) कार्यपालिका सदस्यहरु मध्येबाट एकजना महिला सहित २ जना | सदस्य |
| (च) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (छ) गाउँपालिकाले तोकेको शिक्षक प्रतिनिधी एकजना | सदस्य |
| (ज) गाउँपालिकाले तोकेको गाउँपालिका महिला स्वास्थ्य स्वयंसेविका | सदस्य |
| (झ) गाउँपालिकाले तोकेको एकजना व्यापारिक प्रतिनिधि | सदस्य |
| (ञ) अस्पताल प्रमुख | सदस्य सचिव |

**४. पदावधिः**

समितिका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले ३ वर्षको हुनेछ। तर पदाधिकारीको पदावधि बाँकी रहदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतः समाप्त हुनेछ ।

**५.पद रिक्त हुनेः** निम्न अवस्थामा सदस्यहरुको पद रिक्त हुनेछ

(क) मृत्यु भएमा

(ख) राजीनमा दिएमा

(ग) बिना सूचना लगातार तिनपटक समितिको बैठकमा अनुपस्थित भएमा

(घ) फौजदारी अभियोग प्रमाणित भएमा

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको प्रमाणित भएमा

**६. समितिको बैठक र सञ्चालन विधिः**

(क) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा महिनाको एक पटक समितिको बैठक बोलाउनु पर्नेछ । तर आवश्यकता अनुसार जुनसुकै समयमा पनि बैठक बस्न सक्ने छ ।

(ख) समितिका सदस्यहरुको बहुमतको उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिने छ।

(ग) समितिको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुने छ । कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायिक मत दिन पाउँने छन् ।

(घ) बैठकको निर्णय अध्यक्ष तथा सदस्य सचिवले प्रमाणित गर्नेछन् ।

(ङ) व्यवस्थापन समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

**७. समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) नेपाल सरकाबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्युनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) अस्पतालबाट गुणस्तरीय, प्रभावकारी तथा दिगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक निति, योजना, कार्यक्रम तर्जुमा सम्बन्धमा निर्णय गरी कार्यान्वयन गर्ने गराउने ।

(ग) अस्पताल नियमित सञ्चालन र व्यवस्थापनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने ।

(घ) अस्पतालबाट प्रवाह भएका सेवाहरुको नियमित अनुगमन र समिक्षा गरी सेवाको निरन्तर रुपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

(ङ) स्वास्थ्य सेवा तथा सुबिधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चितताको लागि आवश्यक प्रवन्ध मिलाउने।

(च) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास र वृद्धि विकासको लागि आवश्यक कार्य गर्ने। अस्पतालको जनशक्ति सेवा, शर्त, पारिश्रमिक र अन्य सुविधाहरुका सम्बन्धमा गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

(छ) स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गरी उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने।

(ज) स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित स्थानिय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरु गर्ने ।

(झ) स्वास्थ्य बिमा कार्यक्रम, खोप कार्यक्रम, बाल स्वास्थ्य, पोषण कार्यक्रम तथा मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरुको कार्यान्वयनको आवश्यक प्रबन्ध मिलाउने।

(ञ) अस्पतालबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ट) स्वास्थ्य सम्बन्धि हरेक कार्यक्रम संञ्चालन गर्दा गाउँपालिका र स्वास्थ्य शाखासँग आवश्यक समन्वय गर्ने ।

(ठ) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्नका लागि कार्यपालकालाई सिफारिस गर्ने ।

(ड) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

(ढ) अस्पतालबाट सेवा प्रवाहको क्रममा आएका गुनासोहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने ।

(ण) प्रकृतिक चिकित्सा तथा वैकल्पिक स्वास्थ्य सेवा सम्बन्धि कार्यक्रम संचालन गर्ने।

## परिच्छेद – ३
## कोष तथा लेखा परिक्षण

**८. अस्पतालको कोषः**

(१) अस्पताल संचालन तथा व्यवस्थापन समितिको नाममा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्

१ नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम।

२ गाउँपालिकाबाट प्राप्त रकम ।

३ अस्पतालको आम्दानीबाट प्राप्त रकम ।

४ कुनै व्यक्ति, स्वदेशी विदेशी दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

५ व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।

६ अस्पतालले संञ्चालन गरेको सेवाबाट प्राप्त रकम ।

७ अन्य कुनै पनि विविध ठाउँबाट प्राप्त हुने सबै प्रकारका आम्दानी

८ अस्पताल व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ ।

**९. कोष तथा खाता संञ्चालनः**

(क) व्यवस्थापन समिति र अस्पतालको आयव्यय दुरुस्त राख्न समितिले निर्णय गरी व्यवस्थापन समितिको अध्यक्ष र अस्पताल प्रमुखको संयुक्त दस्तखतबाट कोषको खाता सञ्चालन हुनेछ ।

(ख) कोषको खाता सञ्चालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैङ्क तथा वित्तिय संस्थाबाट हुनेछ । साथै सो खाता प्रचलित कानुन बमोजिम हुनेछ ।

(ग) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ।

(घ) अस्पतालको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(ङ) अस्पतालको लेखा प्रणाली प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

(च) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था प्रचलित सार्वजनिक खरिद ऐन बमोजिम हुनेछ ।

**१०. लेखा परीक्षणः**

(क) अस्पताल व्यवस्थापन समितिले तोकिए बमोजिम अस्पतालको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(ख) आन्तरिक लेखा परिक्षण पालिकाको आन्तरिक लेखा परिक्षकबाट हुनेछ ।

(ग) अस्पतालको अन्तिम लेखा परीक्षण पालिकाले तोकेको लेखा परिक्षकबाट हुनेछ ।

**११. सेवाशुल्क सम्बन्धी व्यवस्थाः** अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क संचालन तथा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ । तर निशुल्क भनि तोकिएका विषयमा सेवाशुल्क लिन पाइनेछैन ।

## परिच्छेद -४
## जनशक्ति, औषधी तथा उपकरणको व्यवस्थापन

**१२. जनशक्ति व्यवस्थापनः**

१) अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले दरवन्दी निर्धारण गरे अनुसारको देहाय बमोजिमका कर्मचारीको व्यवस्था हुनेछ ।

१ स्थायी – नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्य सेवाका जनशक्ति र लोकसेवा आयोगबाट पदपुर्ति हुने स्थायी जनशक्ति

२ करार–करार सेवामा भर्ना गरिएका जनशक्ति

३ विभिन्न शैक्षिक संस्थाहरुबाट इन्टनसिप (OJT) मा आएका विधार्थीहरु

२) यस आधारभुत अस्पतालमा हाललाई तपशिलमा उल्लेखित दरबन्दि अनुसारका कर्मचारीको दरबन्दी रहनेछ।

| | |
|---|---|
| मेडिकल अफिसर (८/९ तह) | १ जना |
| हेल्थ असिस्टेन्ट (५/६/७ तह) | २ जना |
| स्टाफ नर्स (५/६/७ तह) | २ जना |
| अ हे व/सिअहेव (४/५/६ तह) | २ जना |

| | |
|---|---|
| अ न मी/सिअनमी (४/५/६ तह) | २ जना |
| ल्याव असिस्टेन्ट (४/५/६ तह) | १ जना |
| फार्मेशी सहायक (४/५ तह) | १ जना |
| मेडिकल रेकर्डर (४/५ तह) | १ जना |
| रेडियो ग्राफर (४/५ तह) | १ जना |
| कार्यालय सहयोगी/स्वीपर | ३ जना |
| सुरक्षा गार्ड | २ जना |

३) अस्पतालको सेवा प्रवाह उपदफा (२) बमोजिमको कर्मचारीवाट गराउन अपुग भएको खण्डमा अन्य संस्थाहरुबाट सेवामा बाधा नपुग्ने गरी आवश्यक कर्मचारीहरुलाई अस्पतालमा खटाइने छ। त्यसैगरी अस्पतालले गाउँपालिकाको स्वीकृति लिई आफ्नै स्रोतबाट आर्थिक व्यवस्थापन गर्ने गरी सेवा करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ।

१ सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ति गर्दा गाउँपालिकाको करार कर्मचारी ब्यवस्थापन सम्बन्धि कार्यविधि बमोजिम गरिनेछ ।

२ गाउँपालिकाले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरी अस्पतालमा सिफारिस गर्नेछ ।

३ स्वास्थ्य बिमा सञ्चालन गर्न उपदफा (२) अनुसारका जनशक्ति अपुग भएमा अन्य संस्थाहरुबाट सेवामा बाधा नपुग्ने गरी आवश्यक कर्मचारी आधारभुत अस्पतालमा खटाउन सकिने छ ।

## १३. कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सेवा सुविधाः

१ कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सम्पूर्ण सेवा, सुविधा, अतिरिक्त समय, अतिरिक्त स्वास्थ्य सेवा, रात्रिकालिन सेवा तथा सट्टा विदा सम्बन्धमा प्रचलित कानुन बमोजिम तथा समितिले तोके बमोजिम हुनेछ ।

२ नियमित बाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी थप सुविधा उपलब्ध गराउन सक्नेछ।

## १४. रात्रिकालिन तथा आकस्मिक (Emergency) सेवा संञ्चालन सम्बन्धी व्यवस्था तपशिल बमोजिम हुने छः

आधारभुत आकस्मिक सेवा अन्तरगत यस गुल्मीदरबार आधारभुत अस्पताल (१५ शैया) बाट रात्रीकालिन तथा आकस्मिक (Emergency) सेवा २४ घण्टा संचालन हुने र अस्पतालको स्वीकृत तथा पदपुर्ति भएका जनशक्तिबाट थप सेवा संचालन गर्नुपर्ने भएमा देहाय बमोजिम सेवा दिएबापत निम्न अनुसार थप सुविधा दिन सकिने छ । यो सेवा सुविधा अस्पताल संचालन हुँदाको दिन देखि लागु हुनेछ । सेवा सुविधा आवश्यकताअनुसार समयसमयमा परिमार्जित हुन सक्ने छ । रात्रीकालिन सेवाका लागि प्रतिदिन ३ जना स्वास्थ्यकर्मी खटाइने छ । जुन ड्युटी रोष्टरका आधारमा हुने छ ।

नाइट ड्युटि गरेवापत तपशिल अनुसारको भत्ताको व्यवस्था गरिने छ ।
तपसिल,

१ मेडिकल अधिकृत - प्रति नाइट रु.३५०।
२ पारामेडिक्स - प्रति नाइट रु. १५० ।
३ नर्सिङ्ग कर्मचारी - प्रति नाइट रु. १५० ।

नोटः उपरोक्त सेवा सुविधा प्राप्त गर्नका लागि बिरामीलाई रात्रीकालिन सेवा प्रदान गरेको प्रमाणित हुनुपर्नेछ। साथै बिरामी भर्ना नभएको अवस्थामा उक्त सुविधा प्रदान हुनेछैन।

**१५. अस्पताल प्रमुखको काम कर्तव्य र अधिकारः**

१ अस्पतालको व्यवस्थापन समितिको अधिनमा रहि नेपाल सरकारबाट जारी गरिएका आधारभुत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्युनतम सेवा मापदण्डलाई कार्यान्वियन गर्ने र अस्पतालको दैनिक सेवा सञ्चालन गर्ने ।
२ अस्पताल संचालनका लागी सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गर्ने ।
३ अस्पताल संचालनका लागि बार्षिक बजेट, कार्यक्रम तयार गरी समितिमा पेश गर्ने ।
४ अस्पतालको गुणस्तर कायम राख्न, क्षमता अभिवृद्धि गर्न, स्तरउन्नती गर्न तथा अन्य आवश्यक कार्यहरु गर्न भूमिका खेल्ने।
५ अस्पताल प्रमुख भई कामकाज गर्ने ।

**१६. औषधी खरिद,भण्डारण तथा वितरणः**

१ गाउँपालिकाबाट निःशुल्क वितरण गर्ने औषधी अपर्याप्त भएमा स्वास्थ्य शाखाको समन्वयमा अस्पतालले आबश्यक औषधी गाउँपालिकासँग माग गर्न सक्नेछ ।
२ अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुगमन गरी वार्षिक खरिद योजना बनाई पालिकाको स्वास्थ्य शाखा मार्फत गाउँपालिकाबाट स्वीकृत गर्नुपर्नेछ ।
३ अस्पतालले निःशुल्क उपलब्ध गराउने औषधी नियमित रुपमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ ।
४ अस्पतालमा आउने बिरामीको संख्या तथा रोगको आधारमा औषधीको माग तथा आपुर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ ।
५ औषधी नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधी भण्डारण गर्नुपर्नेछ ।
६ औषधी आपुर्ति तथा वितरणलाई पारदर्शी बनाउन अस्पताल प्रमुखले एक जना कर्मचारीलाई प्रतिनिधी तोक्नुपर्नेछ।

७ उपदफा (६) बमोजिम तोकिएको कर्मचारीले नियमित जिन्सी स्रेस्ता मिलाउनुपर्ने र दैनिक औषधीको खपतको मौज्दातलाई दैनिक अभिलेख राख्नुपर्ने साथै उपकरणको विवरण दुरुस्त राख्नुपर्ने छ ।

८ खर्च भएर जाने र नजाने जिन्सीको लगत राखि व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ ।

९ प्रेस्क्रिप्सन अनुसार औषधीको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधी लिन आउने व्यक्तिलाई औषधी दिने व्यक्तिले निम्न बमोजिम जानकारी दिनुपर्नेछ ।

१ औषधीको सेवन विधि र मात्रा

२ औषधीको सेवन अवधि

३ औषधीबाट हुन सक्ने प्रति असर

४ औषधी सेवन अबधिभर अपनाउनुपर्ने सावधानी

५ औषधी सुरक्षित राख्न् स्थान र विधि

१० औषधी वितरण गर्दा औषधी विक्रि वितरण सम्बन्धि समिता र औषधी सम्बन्धी प्रचलित कानुनको पालना गर्नुपर्ने छ । निःशुल्क बाहेकका औषधि बिक्री बितरणको लागि उपयुक्त दररेट समितिको सिफारिसमा कार्यपलिकाले तोके बमोजिम हुनेछ ।

११ अस्पतालले आपुर्ति व्यवस्थापन सुचना प्रणालिमा नियमित रुपमा औषधी तथा उपकरणको विवरण पठाउनुपर्ने छ ।

**१७. फार्मेसी सञ्चालन सम्बन्धी व्यवस्था**

१ अस्पतालको लागि आवस्यक निःशुल्क बाहेकका औषधिहरुको खरिद प्रकृया स्वास्थ्य शाखाको समन्वयमा गाउँपालिकाको खरिद इकाई मार्फत गर्नुपर्नेछ ।

२ फार्मेसी मार्फत विक्रि वितरण गर्ने औषधीको व्यवस्थापन गाउँपालिका स्वास्थ्य शाखाको समन्वयमा अस्पतालले गर्ने छ।

३ फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र फार्मेशी सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

**१८. एम्बुलेन्स संचालनः**

एम्बुलेन्स सञ्चालन पालिकाको एम्बुलेन्स सञ्चालन निर्देशिका अनुसार हुनेछ ।

**१९. आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापनः**

(क) अस्पतालले २४ सै घण्टा आकस्मिक सेवा प्रदान गर्नुपर्नेछ ।

(ख) अस्पतालमा सम्भव उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संथामा प्रेषण गर्नुपर्ने छ ।

(ग) अस्पतालले प्रदान गर्ने सेवा मध्ये आधारभुत स्वास्थ्य सेवा भित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनुपर्ने छ ।

(घ) आधारभुत सेवा वाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य बीमा भएको हकमा सोहि बीमाबाट र बीमा नभएको वा बीमा रकमले नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षत्व गरिरहेको व्यक्तिले व्यहोर्नुपर्ने छ ।

(ङ) अस्पतालमा कसैलाई पनि आकस्मिक सेवाबाट बञ्चित गरिने छैन । अतिविपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवा ग्राहिलाई पालिकासँग समन्वय गरी पालिकाको अनुमतिमा आकस्मिक उपचार कोषबाट वा अन्य खर्च शिर्षकबाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलब्ध गराउनुपर्ने छ ।

**२०. सेवा व्यवस्थापनः**

(क) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पि.डि, प्रयोगशाला, वार्डहरु, इमर्जेन्सि कक्ष, आकस्मिक कक्ष, सोधपुछ कक्ष, फार्मेशी, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड बमोजिम गुणस्तरिय सेवा प्रदान गर्नका लागि आबश्यक न्युनतम भौतिक पुर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ ।

(ख) अस्पतालले बहिरंग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, परामर्श, निदानात्मक, सेवाहरु र औषधी कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउने छ।

(ग) अस्पतालले बहिरंग सेवा प्रदानगर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन, बार र समय) खुल्नेगरी सबैले देख्ने ठाउँमा राख्नेछ ।

(घ) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था गर्नुपर्नेछ ।

(ङ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनेछ ।

(च) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ ।

(छ) सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनेछ ।

(ज) अस्पतालले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ ।

(झ) अस्पतालको हाताभित्र सेवाग्राही तथा सेवा प्रदायका लागि शौचालय र हात धुने ठाउँको व्यवस्था हुनुपर्नेछ । शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र साबुन उपलब्धता गराउनुपर्नेछ ।

(ञ) अस्पतालबाट निष्काशन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृती अनुसार स्रोतमै अलगअलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(ट) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफासुग्घर राख्नुपर्नेछ ।

(ठ) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, टावेल जस्ता लुगा कपडा धुनका लागि नियमित व्यवस्था गर्नुपर्छ।

(ड) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबिसै घण्टा शुद्ध पानी आपूर्ति हुनुपर्नेछ ।

(ढ) अस्पताल क्षेत्रभित्र र सबै बिभागहरुमा चौबिसैघण्टा विधुत आपूर्ति र अटोमेटिक व्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनुपर्नेछ ।

(ण) अस्पतालमा उपचारका लागि आउने विपन्न असाहय, बेवारिसे बिरामीका लागि कुल शैयाको १० प्रतिशत निःशुल्क उपचार अनिबार्य रुपमा उपलब्ध हुनेछ । थप निःशुल्क उपचार समितिको निर्णय अनुसार हुनेछ ।

(त) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ । साथै ठुला र गम्भीर प्रकृतिका औजार उपकरणहरु कम्पनीले निर्दिष्ट गरेको मर्मत अबधिभर मर्मतसम्भार कार्ययोजना बनाई सोहि अनुसार मर्मत गरेको हुनुपर्नेछ ।

(थ) अस्पतालको भवन, सवारीसाधन, मेसिनरीऔजार, यन्त्र , उपकरण, विद्युतिय उपकरण र अन्य विद्युतीय उपकरणको नियमित मर्मत संभार गर्ने व्यबस्था हुनुपर्नेछ ।

(द) अस्पतालको वार्ड तथा अन्य उपचार दिनेस्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको प्रबन्ध हुनुपर्नेछ।

(ध) आपत्कालिन व्यवस्थापनमा प्रयोग हुने सामाग्रीहरुको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ ।यस्तो भण्डारमा कम्तिमा एकमहिनाको लागि अत्यावश्यक सामाग्री स्टक राख्ने व्यवस्था हुनुपर्नेछ ।

(न) अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक,बालबालिका र अपाङ्गमैत्री हुनुपर्नेछ । साथै अस्पतालमा ह्विलचेयर, ट्रली, स्टेचर राखुपर्नेछ र त्यस्ता सामाग्रीहरु सेवाग्राहीले सहज रुपमा देख्ने ठाउँमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(ऩ) स्वास्थ्य सेवा संचालन र पुर्वधार सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन, मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ ।

## परिच्छेद – ५

## सूचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

**२१. अस्पताल सुचना प्रणालीः**

(क) अस्पताबाट प्रदान गरिएका सेवा सम्बन्धी सम्पूर्ण तथ्याङ्कहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

(ख) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी सूचना पालिका, प्रदेश तथा संघको सम्बन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनुपर्नेछ ।

(ग) अस्पतालबाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखिकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ ।

(घ) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क प्रक्रिया तथा अवधि समेत खुलाएको नागरिक बडापत्र अस्पतालको अग्रभागमा देखिने गरि राख्नु पर्नेछ र सोहिअनुरुप सुनिश्चितता गर्नुपर्नेछ ।

(ङ) एम्बुलेन्स, प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरि राख्नुपर्नेछ ।

(च) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ ।

(छ) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका बारेमा समय समयमा अस्पतालले जनचेतनामूलक अभियान संचालन गरी जनसमुदायलाई जानकारी गराउनेछ ।

(ज) अस्पताल वा स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, कागजात , जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनियताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ ।

**२२. गुनासो व्यवस्थापनः**

(१) अस्पतालले सबैले देख्ने ठाउँमा सुझाव तथा उजुरी पेटीका राख्ने र प्रत्येक महिना नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) अस्पतालले स्वास्थ्य सेवासम्बन्धी गुनासो, उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागि छुटै एक अधिकारी तोक्नेछ ।

**२३. प्रेषण सम्बन्धी व्यवस्थाः**

(१) उपचारको लागि आएको बिरामीलाई उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।तर अस्पतालमा उक्त सेवा, जनशक्ति र उपचार हुनसक्ने अबस्था हुँदाहुँदै प्रेषण गर्न पाइने छैन।

(२) अस्पतालले प्रेषण गर्ने संस्थाहरुको पूर्व पहिचान गरी सो को अधावधिक सूची राख्नुपर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चितता गरेर मात्र पठाउनु पर्नेछ ।

(३) प्रेषण गर्दा बिरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिलने नै पठाउने व्यवस्था गर्नुपर्नेछ ।

(४) बिरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरी विवरण अधावधिक गरिराख्नुपर्नेछ ।

(५) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदण्ड बमोजिमका न्युनतम उपकरण र सेवा उपलब्ध गराउनुपर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सेवाग्राहिको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पुग्नेछैन ।

(७) प्रेषण गर्दा गर्भवति महिला, गम्भीर अवस्थाका बिरामी र विपन्न नागरिकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछन् ।

(८) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्च सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(९) प्रेषण भएका बिरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकिकरण गर्न सक्नेछन् ।

(१०) अस्पतालमा प्रेषण भई आएका बिरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पुर्जा सहित डिस्चार्ज गरी सोको विवरण अधावधिक रुपमा राख्नुपर्नेछ ।

(११) उपदफा (१०) बमोजिम डिस्चार्ज गर्दा बिरमीलाई देहायका विवरणहरु उल्लेख गरी अनुसुची डिस्चार्ज सारंश दिनुपर्नेछ ।

(क) बिरामीको परिचाय पत्र न.

(ख) मूख्य समस्याहरु

(ग) भौतिक परीक्षण गर्दा प्राप्त रिपोर्टका साराशं

(घ) तत्काल गरिएको परिक्षणको साराशं

(ङ) उपचारको क्रममा अस्पतालमा रहेको अवधि

(च) उपचारको क्रममा अपनाइएको प्रकृया

(छ) गरिएको उपचारको विवरण

(ज) डिस्चार्ज हुँदाको अवस्था, सो समयमा दिइएको निर्देशन तथा डाइट, व्यायम, उपचार पद्धति, औषधिको मात्रा, प्रकृया वा विधि

(झ) पुनः आउनुपर्ने वा नपर्ने जानकारी

(ञ) निदानात्मक जाँचहरुको रिपोर्टको साराशं

(ट) अन्य आवश्यक कुराहरु

## परिच्छेद – ६
## विविध

**२४. अस्पतालको छापः** अस्पतालको सम्पूर्ण कामकारबाहिको निमित्त एउटा छुट्टै छाप हुनेछ ।

**२५. अस्पतालको संगठन संरचनाः** अस्पतालको आफ्नै सङ्गठन संरचना हुनेछ। संङ्गठन संरचना प्रचलित कानुन बमोजिम गाउँपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ।

**२६. साझेदारी गर्न सक्नेः** अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स

तथा शव वाहान सेवा लगायतका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा संचालन गर्न पालिकासंग समन्वय गरि आवश्यकता अनुसार प्रचलित कानून बमोजिम सामुदायिक, सरकारी, निजि तथा गैरसरकारी निकाय वा संस्थासंग सम्झौता वा साझेदारी गर्न सक्नेछ ।

**२७. वार्षिक प्रतिवेदन पेश गर्नेः** व्यवस्थापन समितिले बर्षभरिको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**२८. निर्देशन पालनाः** कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२९. गाउँपालिकालाई आर्थिक दायित्व सृजना गर्न नहुनेः** पालिकाको स्वीकृति विना समितिले पालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नु हुदैन ।

**३०. अधिकार प्रत्यायोजन गर्न सक्नेः** व्यवस्थान समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केहि अधिकार अध्यक्ष, कुनै सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३१. कार्यविधिको पालना गर्नुपर्नेः** यस कार्यविधिको पालना गर्नु गुल्मीदरबार आधारभुत अस्पताल (१५ शैया) को दायित्व हुनेछ ।

**३२. संसोधन वा खारेजः** कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन वा खारेज गर्न सक्नेछ।

आज्ञाले

भेषराज घिमिरे

प्रमुख प्रशासकीय अधिकृत